# बेदकोट नगरपालिका कार्यलय

## कंचनपुर

(प्रथम पटक प्रकाशित मिति: २०७३।६।२१) हिमालय टाईम्स दैनिक

***सिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सुचना ।***

यस बेदकोट नगरपालिका कार्यालय अर्न्तगत निम्न निर्माण कार्य ठेक्काबाट गराउन पर्ने भएकोले निर्माण व्यवसाय ऐन २०५५ (संसोधन सहित ) अर्न्तगत दर्ता भई ईजाजत प्राप्त निर्माण व्यवसायिहरुबाट निम्न शर्तहरुको अधिनमा रहि बोलपत्र आव्हान गरिन्छ ।

१. बोलपत्र फारम यो सुचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र यस कार्यालयबाट तथा जि.वि.स. कञ्चनपुर बाट रु. १००० (फिर्ता नहुने गरी ) दस्तुर तिरि खरिद गर्न सकिने छ ।
२. बोलपत्र खरिद गर्दा नविकरण भएको इजाजतपत्र, आयकरदर्ता प्रमाणपत्र, मुल्य अभिवृधिकर दर्ता प्रमाणपत्र र यस न.पा.बाट व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि निवेदन साथ सामेल राखि कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।
३. बोलपत्र प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३१औं दिनको १२:००वजे भित्र दर्ता गराई सक्नुपर्नेछ । दर्ताहुन आएका बोलपत्र हरु सोहि दिनको अपरान्ह २:०० वजे बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्र दाता वा निजहरुका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. बोलपत्र खरिद गर्ने दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट उल्लेखित समयमा खरिद वा पेश गर्न सकिनेछ ।
५. बोलपत्र साथ धरौटि वापत २.५०% (भ्याट समेतको ) प्रतिशतले हुने रकम यस कार्यलयको रा.वा.वैंक स्थित धरौटि खाता न.४१८०३०३००२०२८ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त कुनै पनि वैंकले यस कार्यलयका नाउंमा जारी गरेको १२० दिन म्याद भएको वैंक ग्यारन्टी अनिवार्य रुपले पेश गर्नुपर्नेछ ।
६. बोलपत्र स्वीकृत भएपछि ठेक्का अंकको पांच प्रतिशतले हुने रकमको परफमेन्स वण्ड वा नगद जमानत दाखिला गर्नुपर्नेछ ।
७. बोलपत्र दाताले बोलपत्र भर्नु अगावै निर्माण स्थलको अवलोकन गर्नुपर्नेछ । निर्माण स्थलको अवलोकन नगरेको भएपनि यो बोलपत्र लाई प्रभावित पार्ने गरी कुनै दावि गर्न पाईने छैन ।
८. बोलपत्र दाताले आफनो स्थायी पत्राचारको ठेगाना तथा फोन नम्बर समेत उल्लेख गर्नुपर्नेछ ।
९.बोलपत्रमा दररेट उल्लेख गर्दा अंक र अक्षरमा स्पष्ट रुपमा लेख्नु पर्नेछ बोलपत्र को प्रत्येक पानामा सहिछाप समेत गर्नुपर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। अंक र अक्षर दुवै महलमा दररेट उल्लेख नभएको बोलपत्र अमान्य हुनेछ । बोलपत्र दाताले दररेट उल्लेख गर्दा भ्याट बाहेकको दररेट उल्लेखित गर्नुपर्नेछ ।
१०. बोलपत्र मा कुनै आइटमको दररेट छुटेको देखिएमा सो को दररेट अन्य आइटमहरुमा समावेश भए सरह मानिने छ र बोलपत्र दाताले सो कुरा स्वीकार गर्नु पर्नेछ ।
११. बोलपत्र दररेट उल्लेख गर्दा दशमलव पछिको २ अंकसम्म मात्र लेख्नु पर्नेछ र बोलपत्र उल्लेख भएको परिमाणलाई गुणन गर्दा हुन आउने रकममा दशमलव पछिको तेस्रो अंक ५ देखि माथि भएमा १ अंक मानिनेछ ।
१२. बोलपत्र पेश गर्दा खाम बाहिर कामको नाम स्पष्ट रुपमा लेखेको हुनुपर्नेछ ।
१३. कुनै पनि बोलपत्र कारण नजनाई पुरा वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार नगरपालिकालाई हुनेछ ।
१४. रित नपुगेको वा म्याद नाघि आएको बोलपत्र माथि कारवहि हुने छैन ।
१५. कार्य सम्पन्न पछि निकासाका आधारमा भुक्तानि हुनेछ ।
१६. बोलपत्र सम्वन्धि अन्य जानकारी कार्यालयको योजना तथा प्रबिधिक शाखाबाट प्राप्त गर्न सकिनेछ ।
१७ यस सुचनामा उल्लेख भएको शर्तहरुमा यसै बमोजिम र अरुमा स्थानिय निकाय, आर्थिक प्रशासन नियम र प्रचलित कानुन बमोजिम हुनेछ ।

| *क्र सं* | *ठेक्का नं* | *आयोजनाको नाम* | *लागत अनुमान (भ्याट र कन्टिन्जेन्सि बाहेक)* | *कैफियत* |
|---|---|---|---|---|
| १. | ०१।२०७३।०७४ | भौंसि ठूलो पक्कि पुल देखि उत्तर गैलनदी जाने सडक कालोपत्रे गर्ने कार्य. बेदकोट न· पा· ८. कंचनपुर । | ४,२८९,१९०.५० | |
| २. | ०२।२०७३।०७४ | महेन्द्र राजमार्ग स्थित चम्फापुर चौक देखि उत्तर पिपलथला हुदै हात्तिथला जाने सडक कालोपत्रे गर्ने कार्य. बेदकोट न· पा· १ कंचनपुर । | ४,२९६,८५४.२२ | |

कार्यकारी अधिकृत